# बिराटनगर महानगरपालिकाको

## संगठन तथा व्यवस्थापन सुधार
## सर्वेक्षण प्रतिवेदन

(पौष, २०७६)

पेश गरिएको निकायः

# नगर कार्यपालिकाको कार्यालय,बिराटनगर
# मोरंग

पेश गर्ने निकायः

## बिराट सामुदायिक बिकास केन्द्र, बिराटनगर

# शब्द संक्षेप

| | | |
|---|---|---|
| न.पा. | = | नगरपालिका/उपमहानगरपालिका |
| प्र.प्र.अ. | = | प्रमुख प्रशासकीय अधिकृत |
| लै.स.सा.स. | = | लैङ्गिक समानता सामाजिक समावेशिकरण |
| सा.सु. | = | सामाजिक सुरक्षा |

# विषयसूचि

| बिषय | पाना न |
| --- | --- |
| बिराटनगर महानगरपालिकाको संक्षिप्त परिचय | ५ |
| **भाग १** | |
| १. अध्ययनको पृष्ठभूमिं | .७ |
| २. कार्यदलको परिचय | ८ |
| ३. अध्ययनको उद्देश्य | ९ |
| ४. अध्ययनको विधि | ९ |
| ५) अध्ययनको सीमा | १० |
| ६) अपेक्षित उपलब्धी | ११ |
| **भाग २** | |
| १. विद्यमान सांगठनकि ढांचा | १२ |
| २. विद्यमान दरवन्दीको अवस्था | १३ |
| ३. विद्यमान संरचना र दरवन्दी सम्बन्धमा देखिएका समस्याहरु | १४ |
| **भाग ३** | |
| १. कार्यक्रमको विश्लेषण | १५ |
| २. कार्यबोझको विश्लेषण | १६ |
| ३. कार्यप्रकृतिको विश्लेषण | १६ |
| ४. उपलव्ध मानवश्रोतको आंकलन | |
| ५ कार्य बिबरण | १८ |
| ५ विद्यमान संरचना र दरवन्दी सम्बन्धमा देखिएका समस्याहरु | **१८** |
| ६. पविर्तनको औचित्य | १९ |
| **भाग ४** | |
| १. प्रस्तावित सांगठनिक ढांचाको व्याख्या | २० |
| २. प्रस्तावित दरवन्दी तालिका | २१ |
| ३. अन्य सुझाव तथा सिफारिस | |
| **भाग ५** | |
| १ आर्थिक पक्ष | २४ |
| **अनुसूचिहरु** | **२९** |

१. विद्यमान तथा प्रस्तावित सांगठनिक ढांचा
२. विद्यमान तथा प्रस्तावित दरवन्दीको तेरिज
३. प्रस्तावित संगठन, महाशाखा, शाखा तथा पदहरुको कार्य विवरण

## बिराटनगर महानगरपालिका

## नक्शा



## बिराटनगर महानगरपालिकाको संक्षिप्त परिचय

प्रदेश नम्वर १ को राजघानी विराटनगरमा अवस्थीत विराटनगर महानगरपालिका एक मात्र नगरपालिकाको रुपमा रहेको छ । बिकास केन्द्रको केन्द्र बिन्दुमा रहेको बिराटनगर महानगरपालिका औधौगिक, शैक्षिक, व्यावसायिक हिसावले पनि महत्वपूर्ण रुपमा रहेको छ। प्रदेश नम्वर १ मा पर्ने नेपालकै दोस्रे एक प्रमुख शहर हुनुको साथै मोरग जिल्लाको सदरमुकाम पनि विराटनगर हो । यस महानगरपालिका को पुर्वतर्फ झापा जिल्ला , पश्चिमतर्फ सुनसरी उत्तर तर्फ सुनसरी जिल्ला र दक्षिण तर्फ भारतको विहार राज्यको जोगवनी नाका पर्दछ।

विराटनगर महानगरपालिकाको स्थापना.२००८सालमा भएको हो । हाल १९ वडामा विभाजित महानगरपालिकाको भवन वडा नं..मा अवस्थित छ ।

### भौगोलिक स्थिति

पूर्व तराईको मोरङ जिल्लामा अवस्थित विराटनगर महानगरपालिका नेपालको अति समथल स्थलहरुमा पर्दछ । यो नगर अक्षांश, उत्तर २६° २३' देखि २६°३०' र देशान्तर, पूर्व ८७° १४' देखि ८७° १८' बीच अवस्थित छ । दक्षिणमा भारतको सिमानासँग जोडिएको यो महानगर भौगोलिक रुपले पूर्वमा सिङ्गियाही र पश्चिममा केशलिया धार नदीहरुको बीचमा रहेको छ । कुल .... बर्ग कि.मि. क्षेत्रफल भएको यो महानगर समुद्र सतहबाट ६२ मी. देखि ७८ मी को उँचाईमा रहेको छ । समुद्र सतहदेखि सालाखाला ७० मी. माथि रहेको यो समतल भू–भाग पूर्वको सिङगियाही र पश्चिमको केशलिया नदीतर्फ ढल्किदै, दक्षिण भारततर्फ पनि पानी ढलान भई रहेको छ । यसरी विराटनगर सिङगियाही र केशलिया नदीको जलाधार क्षेत्रमा पर्दछ ।

### राजनैतिक तथा प्रशासनिक केन्द्र

१९ वडामा बिभाजित विराटनगर पूर्व नेपालकै प्रमुख सहर पनि हो । यो मोरङ जिल्लाको प्रशासनिक र राजनैतिक केन्द्रका साथै पूर्वको राजनैतिक तथा औद्योगिक केन्द्र पनि हो ।

### माटोको बनावट र उर्बराशक्ति

उत्तरबाट आउने बर्षायामको बाढीले बगाएर ल्याएको मलिलो माटोले ढाकेको यो क्षेत्र नेपालको अत्यन्त उर्बरा जमिनमा गनिन्छ । त्यसैले यहाँ कृषि उत्पादन (धान, गहुँ, जुट, दाल र तेलहन) प्रचुर मात्रामा हुने गर्दछ ।

### भू–क्षयको सम्भावित क्षेत्र

बर्षायामको अबिरल बाढीले पूरा सहर नै जलमग्न भई ढलको समस्या उजागर भए पनि भूक्षयको खतरा भने नगरको पूर्व र पश्चिमको नदी किनारमा मात्र सिमित देखिएको छ । सहरीकरण र अनियन्त्रित मानव कृयाकलापको बृद्धिले नदी किनाराको भूस्खलनको क्रम पनि बढदै गईरहेको छ । यो समस्या केशलियामा भन्दा सिङगियाही नदीमा (वा. नं. १,१० र ११) बढी देखिएको छ ।

### जलवायु

तराई प्रदेशमा रहेको यो नगरको जलवायू उष्ण, समशितोष्ण र आर्द्र रहेको छ । मनसुनको प्रभावमा यहा औसत १८०० देखि २००० मि. मि. बर्षा हुने गर्दछ । जाडो भन्दा गर्मी याममा बढी बर्षा हुने गर्दछ । यहाँको औसत तापक्रम गर्मीमा ३६° देखि ३९° से. हुन्छ भने जाडोमा २४° देखि २७° से. सम्म रहन्छ ।

### जल भण्डार

दुई सिमानामा रहेका नदीहरु, नहर र सानातिना नीजि तथा सार्बजनिक पोखरी बाहेक यहाँ कुनै बिषेश जलभण्डार देखिदैन । ईटा-भट्टाको प्रयोगपछि बनेका खाल्डाहरुमा बर्षा यामको पानी जम्नाले ठाउँ-ठाउँमा बनेका पोखरीहरु भने प्रशस्त देखिन्छन् जुन कालान्तरमा घडेरी या अन्य प्रयोगमा ल्याइने गरिन्छ । तर भूमीगत जलको भण्डार, तराईका अन्य क्षेत्रमा जस्तै यहाँ पनि प्रचूर मात्रामा रहेको अनुमान गरिन्छ ।

जनसंख्या

| वडा नं. | जनसंख्या |
|---|---|
| १ | |

| वडा नं. | जनसंख्या |
|---|---|
| ७ | |

| वडा नं. | जनसंख्या |
|---|---|
| १३ | |

| | |
|---|---|
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |

| | |
|---|---|
| ८ | |
| ९ | |
| १० | |
| ११ | |
| १२ | |

| | |
|---|---|
| १४ | |
| १५ | |
| १६ | |
| १७ | |
| १८ | |
| १९ | |

**विराटनगर महानगपालिकाका सकारात्मक पक्षहरु :**

- विराटनगर नेपालको औद्योगिक सहरको रुपमा चिनिने गरिन्छ ।
- यो सहर भू–उपयोगको दृष्टिले अझै कृषियोग्य छ ।
- भारतको सिमासंग जोडिएकोले अन्तर्राष्ट्रिय व्यापार नाकाको रुपमा परिचित छ ।
- यहांबाट नेपालका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म यातायात सञ्जाल जोडिएकोछ । यसले गर्दा आन्तरिक व्यापारिक केन्द्र पनि रहेकोछ ।
- प्रदेश नं. १ को राजधानी भएकोले पनि यसको अफ्नैं पहिचान रहेकोछ ।
- ` शैक्षिक बिकास र स्वास्थ्य सेवाको दृष्टिले पनि प्रदेश नं. १ को महत्वपूर्ण केन्द्रको रुपमा स्थापित छ ।

## अध्ययनको पृष्ठभूमि

नेपालको संविधान को धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । धारा २१६ स्थानीय तहको कार्यकारिणी अधिकार मा १. संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने । (२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुने र (३) संविधान र अन्य कानूनको अधीनमा रही  गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाका सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने व्यबस्था गरेकोछ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम गठित साबिकका स्थानीय निकायहरु वि.सं. २०७२ साल असोज २ गते नयां संबिधान जारी भए पश्चात स्थानीय सरकारमा रुपान्तरित हुन पुगेका छन । यसबाट हिजोका स्थानीय निकायहरुको तुलनामा आजका स्थानीय सरकारहरुको कार्यक्षेत्र र भूमिकामा ब्यापक बृध्दि हुन भएकोछ । यसै सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएकोछ । बदलिनो अवस्था अनुरुप आफूलाई रुपान्तरण गर्न हाल आफू माथि थपिएको भौगोलिक क्षेत्र, काम कर्तब्य र जिम्मेबारी सेवा प्रदान गर्नु पर्ने जनसंख्याको आधारमा विद्यमान सांगठनिक स्वरुप र जनशक्ति माथि पुनराबलोकन गर्नु पर्ने अवस्था देखिएको छ ।

यसै सन्दर्भमा संबिधानको धारा ३०२ मा स्थानीय सेवा प्रवाहका लागि नेपाल सरकारले राष्ट्रसेवक कर्मचारी समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने उल्लेख छ । यस अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ङ) मा नगरपालिकाको काम कर्तव्य र अधिकारमा स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ । ऐनको परिच्छेद ११ मा “प्रशासकीय संगठन र कर्मचारी व्यवस्था” अन्तर्गगत दफा ८१ देखि दफा ९१ सम्म स्थानीय तहका कार्यालय संगठन र कर्मचारीको व्यवस्थापन (नियुक्ति, सेवा सुविधाका शर्तहरु, बृत्ति विकासका अवसर तथा विषयगत शाखा स्थापना आदी) का बारेमा स्पष्ट व्यवस्था गरेको छ । जस अनुसार नेपाल सरकारले गर्ने कर्मचारी समायोजन गर्ने, स्थानीय तहले आफ्नो आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा वडा समिति समेतलाई समेटी कार्यालयको कार्यबोझ एवं भौगोलिक क्षेत्र तथा सेवा प्रदान गर्नु पर्ने जनसंख्याको आधारमा विद्यमान सांगठनिक अवस्था र कर्मचारी संख्यामा थप घट गर्न पर्ने अवस्था देखिएको छ ।

उल्लेखित पृष्ठभूमिमा महानगरपालिकाहरुको बर्तमान जिम्मेवारी, जनशक्तिको अभाव, स्थानीय सरकारको रुपमा निर्वाह गर्नु पर्ने भूमिका अनुसारको कार्यबोझ, स्थानीय नगरवासीको बढ्दो अपेक्षा एवं सेवा प्रवाहमा पर्नआएको चापलाई समेत दृष्टिगत गरी स्थानीय तहको सेवा प्रवाहमा

प्रभावकारीता ल्याउन अन्तरिम संगठन एवं दरवन्दी व्यवस्थापनमा आवश्यक परिमार्जन गरी ज्ञपालिकाको कार्य विभाजन र कार्य सम्पादनमा सघाउ पुऱ्याउन आवश्यक देखिएको हुंदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९० मा उल्लेख भएबमोजिम स्थानीय तहका कर्मचारीहरुको तहगत प्रणाली अपनाउने विषयलाई ध्यानमा राखी बिराटनगर महानगरपालिकाको विद्यमान संगठन संरचना, कर्मचारी दरवन्दी, कार्यबोझ समेतको अध्ययन गरी हामीलाई प्राप्त कार्यआदेशको परिधिभित्र रही यो प्रतिवेदन (मस्यौदा) तयार गरी पेश गरिएको छ ।

## २. कार्यदलको परिचय :

उक्त कार्यसम्पादनमा सहयोग तथा सहजिकरण गर्न निम्न अनुसारका विगतमा स्थानीय विकासमा लामो समय कार्यरत रही सेवा निबृत्त निम्न अनुभवि व्यक्तिहरुको संलग्नता रहेको थियो :

**१. श्री दिलीप कुमार चापागाईं,**

- **शैक्षिक योग्यता :**
  - एम.पि.ए. (जनप्रशासन),
- **कार्य अनुभव :**
  - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत २७ वर्ष,
  - राष्ट्रिय योजना आयोगको सचिबालयमा ३ वर्ष गरी ३० वर्ष भन्दा बढीको कार्यअनुभव ।
  - बिगत ४ बर्ष देखि योजना, स्थानीय स्वशासन तथा ब्यबस्थापन बिषयमा स्वतन्त्र परामर्शदाताको रुपमा कार्यरत । धरान उपमहानगरपालिका, दमक, भद्रपूर र मेचीनगर नगरपालिकाको संगठन तथा ब्यबसथापन सर्भेक्षण कायृ गरेको अनुभव ।

**२. श्री प्रकाश कुमार पोखरेल**

- **शैक्षिक योग्यता**
  - एम.ए. डेभलपमेन्ट कम्यूनिकेशन
  - एम ए. स्नाकोतर शैक्षिक योजना व्यवस्थापन ( एमएड)
- **कार्यअनुभव**
  - एक्सन एड नेपालमा ६ वर्ष लेखा तथा कार्यक्रम को अनुभव
  - ष्याट नेपालमा महिला शसक्तिकरण कार्यक्रमको अनुभव
  - एन जिओ सिविओमा सस्थागत क्षमता विकासको कार्यमा ६ बर्ष अनुभव
  - विभिन्न सघससस्थाहरुको क्षमता विकासका लागि परामर्श सेवाको अनुभव

○ विकास सग सम्वन्धीत पुस्तक ११ वटा र सस्थागत विकासमा १ गरी १२ बटा पुस्तक प्रकशन
○ तालिमको म्यानुल र किशोर किशारी हरुको क्षमता विकासका लागि ४ वटा पाठयकम निर्माण गरेको अनुभव
○ सामाजीक विकास मंत्रालय प्रदेशन १ को जेष्ठनागरिक र बालअधिकारका सम्वन्धमा विज्ञ सदस्य को रुपमा कार्यरत
○ परामर्शसेवाको अनुभव हाल पौरखी इष्टिज्यूट प्राली को प्रवन्धक निर्देशक

**३. श्री सिर्जना कोइराला**

**शैक्षिक योग्यता :**

- एम ए सस्कृति

**कार्यअनुभव :**

○ पत्रकारीताको अनुभव ३ वर्षको अनुभव
○ तालिम मा १५ वर्ष देखि परामर्श सेवा
○विभिन्न सस्थाको क्षमता विकासको अनुभव

## ३. अध्ययनको उद्देश्य :

स्थानीय सरकार संचालन ऐन २०७२ को दफा ११ अनुसारको काम कर्तब्य बहन गर्नु पर्ने दायित्व बिराटनगर महानगरपालिका माथि पनि रहेको छ । अतः ऐनले तोकेको काम कर्तब्य संपादन गर्नका लागि स्थानीय नीति, योजना र कार्य प्रणालीलाई संस्थागत गर्न  बिराटनगर महानगरपालिकाको विद्यमान संगठन संरचनामा पुनराबलोकन गरी परिबर्तित अबस्था अनुसार संगठन तालिका, जनशक्तिको दरबन्दी र कार्य बिबरण तयार गर्नु नितान्त आवश्यक देखिएको छ । लामो समयको अन्तराल पश्चात निर्वाचित जनप्रतिनिधि प्रति जनताको उच्च अपेक्षा रहेकोले त्यसलाई पनि सम्बोधन हुने गरी विकास कार्यलाई व्यस्थितरुपमा संचालन गर्नु पर्ने अबस्था छ भनें अर्कोतर्फ संविधानको मर्म अनुसार जनतालाई घर घरमा सरकारको उपस्थितिको प्रत्याभूत गराउने जिम्म्वारी पनि उपमहानगरपालिकामा आएको छ । यसै परिप्रेक्षमा महानगरपालिकाको संगठन तथा व्यवस्था सर्वेक्षण गर्नुका निम्न उद्देश्यहरु रहेकाछन् :

१. नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिकल्पना गरेको स्थनीय सरकारको काम कर्तब्य र भूमिका निर्वाह गर्न उपयुक्त हुने गरी महानगरपालिकाको काम कर्तब्य र भूमिकाको लेखाजोखा र बिद्यमान संगठन संरचनाको पुनराबलोकन गरी उपयुक्त सगठन तालिका तयार गर्ने र प्रस्ताबित संगठन संरचना अनुसारका महाशाखा, शाखा र ईकाईहरुको कार्य बिबरण तयार गर्ने ।

२. महानगरपालिकाका विभिन्न महाशाखा एवं शाखाको कार्यजिम्मेवारी अनुरुप बिद्यमान दरबन्दी र कार्यरत  कर्मचारी संख्याको पुनराबलोकन गरी आबश्यक दरबन्दी थपघट गर्न सिफारिस गर्ने ।

३. महानगरपालिकाको सांगठनिक संरचना अनुसारका महाशाखा र शाखाहरुका  पदाधिकारी र कर्मचारीहरुको कार्यजिम्मेवारी समेत निश्चित हुने गरी कार्य बिबरण तयार गर्ने ।

४. महानगरपालिकाको प्रशासनलाई चुस्त, सेवामूखि र जबाफदेही बनाउन आबश्यक सुझावहरु तयार गर्ने ।

## ४. अध्ययनको विधिः

महानगरपालिकाको सांगठनिक संरचना अध्ययन गरी प्रतिवेदन तयार गर्ने क्रममा निम्न विधि अवलम्बन गरिएको थियो :

- **दस्ताबेज अध्ययन** - अध्ययनको क्रममा नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, कानून, निर्देशिका एवं महानगरपालिकाको दिद्यमान संगठन तालिका, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयव्दारा स्थानीय तहहरुको लागि तयार गरिएको अन्तरिम संगठन तालिका आदि जस्ता आबश्यक दस्ताबेजहरुको अध्ययन गरिएको थियो ।
- **अभिमूखिबरण तथा अन्तर्कृया** - संगठन संरचनाको अवधारणा, आवश्यकता, न्युनतम आधार र शर्तहरुको बारेमा सहजकर्ताहरुबाट अभिमूखिकरण र अन्तरक्रिया गरिएको थियो ।

१) संगठन संरचना तयार गर्दा प्राविधिक विशेषज्ञताको समेत उपयोग गरी सहभागितात्मक पद्धतिमा कार्यालयका शाखा तथा उपशाखागत प्रमूख र अन्य सम्वन्धित कर्मचारीको उपस्थिति एवं अन्तरक्रियामा मौजूदा संगठनमा देखिएका सवल र कमजोर पक्षहरुको विश्लेषण गरिएको ।

२) महानगरपालिकाका पूर्व पदाधिकारी, राजनैतिक दलका प्रतिनिधिहरुसंग परामर्श बैठक गरी विद्यमान संगठनमा आवश्यक देखिएका सुधार एवं कर्मचारी संख्या बारे सुझाव संकलन गरिएको ।

३) महानगरपालिकाका वर्तमान पदाधिकारीहरुसंग विद्यमान संगठनमा परिमार्जनको आवश्यकता र औचित्य तथा आवश्यकता बारे राय सुझाव संकलन गरिएको ।

४) विशेष गरी कार्यालयको सांगठनिक सुधारको विषयमा जानकारी राख्ने र परेका समस्या र असहजतासंग परिचित व्यक्ति कार्यालयकै कर्मचारी हुनेहुंदा कर्मचारी संगको सहभागिता र संलग्नतामा उक्त कार्य सम्पन्न गरिएको थियो ।

- **परामर्श बैठक -** महानगरपालिकाको विभिन्न महाशाखा तथा शाखामा कार्यरत कर्मचारीहरुसंग परामर्श बैठक गरी विद्यमान संगठन संरचना, कर्मचारी दरवन्दीका र हाल देखा परेका समस्याका बारेमा जानकारी संकलन गरिएको ।

१) यस अध्ययन प्रतिवेदनलाई निश्चित आकारमा ल्याउन महानगरपालिकाका प्रमुखका साथै प्रमुख प्रशासकीय अधिकृतसंग प्रत्येक दिन सम्पर्क र छलफल गरिएको ।

२) संसोधित संगठन अनुसार शाखागत कार्य विवरणका साथै आवश्यक हुने कर्मचारी दरवन्दी यथासक्य मौजूदा दरवन्दी भित्रबाट नै पूर्ति एवम मिलान गर्ने गरी कर्मचारी विवरण संकलन गरिएको कर्मचारी दरवन्दी अनुसार प्रत्येक पदको कार्य विवरण तयार गरिएको ।

३) संसोधित संगठन र कार्य विवरणको अन्तिम रुप दिन र कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरीएको थियो ।

उक्त अध्ययन कार्यक्रमको समय तालिका ***अनुसूची*** मा दिईएको छ । छलफल तथा अन्तरक्रियमा भाग लिएका सहभागिहरुको नामावली ***अनुसूची -*** मा दिईएको छ । विद्यमान तथा प्रस्तावित संगठन स्वरुप ***अनुसूची -*** मा दिइएको छ । विद्यमान तथा प्रस्तावित कर्मचारीको दरवन्दी तेरीज ***अनुसूची -*** मा दिईएको छ । संगठन, महाशाखा र शाखाहरुको कार्य विवरण ***अनुसूची -*** मा दिईएको छ । कर्मचारीहरुको कार्यविवरण ***अनुसूची -*** मा दिईएको छ ।

## ५. अध्ययनको सीमा :

यो सर्वेक्षण प्रतिबेदन  निम्न अवस्थाको सिमालाई दृष्टीगत गरी तयार गरिएकोछ ।:

१. कार्यालयमा हाल उपलव्ध तथ्यांक, कार्यालयका कर्मचारी अभिलेख, लेखाको आय व्यय, विद्यमान दरवन्दी विवरण र नगर प्रोफाईल (बस्तुगत विवरण) यस अध्ययनका मुख्य सूचनाका श्रोत हुन आएका छन् ।

२. मन्त्रालयको पत्र अनुसार तयार गरी पठाउनुपर्ने महानगरपालिकाको सांगठनिक ढांचा र दरवन्दी विवरण १५ दिनभित्र अध्ययन समेत गरी पठाउनु पर्ने समय सीमालाई पनि मनन् गर्नु पर्ने अबस्था रहेको थियो

३. अध्ययन समयावधि कम भएका कारण नगरपालिकाका वडा कार्यालयमा भएका कार्यबोझ र सेवाग्राहीको बहिर्गमन अभिमत सर्वेक्षण गर्न समयाभाव रह्यो ।

४. कार्यालयको कार्यबोझ, कामको व्यस्तता, सेवाग्राहीको चाप र जनशक्तिको कमीका कारण पनि सहजकर्तालाई आवशयक सूचना र जानकारी प्राप्त गर्न समय लागेको थियो ।

५. महानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण करी तिर भएको र त्यस सम्बन्धी अभिलेख कार्यालयमा उपलब्ध हुन नसकेको र अन्य कतिपय अभिलेख र तथ्यांकहरु संबन्धमा पनि  कर्मचारीहरुले प्रदान गरेको मौखिक  सूचनालाई आधार लिईएको छ ।

६. यो प्रतिबेदन नेपाल सरकार मन्त्रिपरिषदद्वारा मिति २०६६।१०।१२ मा स्वीकृत संगठन तथा ब्यबस्थापन सर्बेक्षण निर्देशिका २०६६ लाई आधार मानी यो तयार गरिएकोछ ।

**६. अपेक्षित उपलव्धीः**

१. परिबर्तित अवस्था अनुसार महानगरपालिकाको भूमिका र सेवा प्रवाहलाई प्रभावकारी वनाउन प्रस्तावित संगठन संरचना सहयोगी र फलदायी भएको हुनेछ ।

२.  महानगरपालिकाको परिबर्तित सांगठन तालिका अनुरुप हरेक महाशाखा, र शाखाहरुको कार्य बिबरण तयार भई कार्य र जिम्मेवारीमा स्पष्टता आउने छ । हरेक महाशाखा, र शाखाहरुको कार्य सम्पादन र जिम्मेवारी निर्वाह गर्न आबश्यक पर्ने कर्मचारीहरुको दरबन्दी तयार हुनेछ । दरबन्दी अनुसारका कर्मचारीहरुको कार्य बिबरण दरबन्दी तयार भई  सेवा प्रवाह सहज र प्रभावकारी हुनेछ ।

३. महानगरपालिकामा विगत लामो समयदेखि कार्यरत कर्मचारीहरुको लागि बृत्ति विकासका नयां अवसर सृजना हुन गई  कर्मचारीको कार्यसम्पादनस्तरमा बढोत्तरी भएको हुनेछ ।

४. नगरपालिकाको भौगोलिक क्षेत्र तथा जनसंख्याको आधारमा सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी वनाउन जनताको माग र आवश्यकताको आधारमा सेवा उपलव्ध भएको हुनेछ ।

५. सेवाग्राही सर्वसाधारणको दृष्टिमा महानगरपालिकाको स्वरुप, कार्य प्रकृति र प्रबृत्ति, सेवा प्रवाहको अवस्थामा सुधार भाएको देखिनेछ ।

<u>**भाग २**</u>

## १. बिराटनगर उपमहानगरपालिको साबिक सांगठनिक ढांचा :

कुनै पनि संगठनको काम कर्तव्यलाई व्यवस्थित रुपमा अगाडि बढाउन त्यसको संगठन स्वरुपको महत्वपूर्ण स्थान रहन्छ। यसै कुरालाई दृष्टिगत गरी तत्कालिन बिराटनगर उपमहानगरपालिकाद्वारा २०७३/७५ मा आफ्नो संगठन तालिका स्वीकृत गरी लागु गरिएको देखिन्छ। जसमा महाशाखा र शाखा एबं इकाई कायम रहेको देखिन्छ । यस सम्बन्धी बिबरण तलको तालिकामा संलग्न गरिएकोछ।

<table>
<tr><td>१</td><td>कार्यकारी अधिकृत</td><td>१.कार्यकारी अधिकृतको सचिवालय</td><td>१. बैदेसिक समन्वय तथा सम्पर्क ईकाई</td></tr>
<tr><td>२</td><td>आन्तरिक लेखापरिक्षण शाखा</td><td></td><td></td></tr>
<tr><td>क्र.सं.</td><td>महाशाखा</td><td>शाखा</td><td>उपशाखा</td></tr>
<tr><td rowspan="6">१</td><td rowspan="6">सामान्य प्रशासन महाशाखा</td><td>!= hgu'gf;f] tyf j8f ;ldlt Aoa:yfkg zfvf,</td><td>१.ब्यक्तिगत घट्ना दर्ता<br>२. जनगुनासो तथा सुझाव ब्यबस्थापन</td></tr>
<tr><td>@= k|zf;g zfvf,</td><td>१.भण्डार तथा सम्पत्ति ब्यबस्थापन<br>२.दर्ता चलानी ईकाई<br>३.सोधपूछ तथा सहयोग ईकाई</td></tr>
<tr><td>#= dfgj ;+zfwg lasf; zfvf</td><td></td></tr>
<tr><td>$ sfg"g tyf Gofo zfvf</td><td>१. मध्यस्थता उपशाखा<br>२. नगर अदालत उपशाखा</td></tr>
<tr><td>% gu/ ;"rgf tyf clen]v zfvf</td><td>१.नगर पुस्तकालय ब्यबस्थापन<br>२.तथ्यांक ब्यबस्थापन</td></tr>
<tr><td>^= lakb\ Aoa:yfkg zfvf</td><td>१.बारुणयन्त्र<br>२.एम्बुलेन्स तथा शव बाहन ब्यबस्थापन</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २ | **lalQo Aoa:yfkg dxfzfvf** | !=cfly{s k\|zf;g zfvf | १. आम्दानी अभिलेख<br>२. खर्च अभिलेख |
| | | @=/fhZj Aoa:yfkg zfvf | १.मालपोत<br>२.घरजग्गा तथा अन्य कर<br>३.ब्यबसाय कर<br>४.ठेली ब्यबस्थापन |
| ३ | **शहरी विकास तथा योजना महाशाखा** | !=3/ gSzf zfvf | १. जि.आई एस्.<br>२. भूकम्प सुरक्षा तथा प्रकोप ब्यबस्थापन<br>३. घर नम्बरिङ तथा सडक नामांकन |
| | | @=ef}lts lgdf{0f zfvf | १. भौतिक योजना कार्यान्वयन तथा ब्यबस्थापन<br>२. सडक निर्माण<br>३.कार्यालय भवन निर्माण तथा मर्मत |
| | | #= zx/L of]hgf zfvf | १. योजना तर्जुमा समिति<br>२. अनुगमन तथा जाचपास समिति |
| | | ४.laB't Aoa:yfkg zfvf | १. नगर स्तरीय बिद्युत ब्यबसथापन<br>२. बिद्युत सिफारिस |
| ४. . | **;fdflhs ljsf; dxfzfvf** | १. महिला सशक्तिकरण तथा बाल बिकास शाखा | १. महिला सशक्तिकरण<br>२. बालमैत्री तथा बालबिकास<br>३.लैगिक समानता तथा समाबेशीकरण |
| | | २.सामुदायिक बिकस शाखा | १. अपांगता, अनाथ, ज्येष्ठ नागरिक लक्षित बर्ग सशक्तिकरण<br>२. सामाजिक सुरक्षा<br>३. कला संस्कृति सम्बर्धन तथा प्रबर्धन |

| | | | |
|---|---|---|---|
| | | ३. युवा तथा खेलकुद बिकास शाखा | १.युवा सशक्तिकरण<br>२. खेलकुद बिकास |
| | | ४. टोल बिकास तथा सहकारी समन्वय शाखा | १. टोल बिकास ब्यबस्थापन<br>२. सहकारी संस्था समन्वय तथा बिकास |
| ५. | **;x/L :jf:Yo dxfzfvf** | १. जनस्वास्थ शाखा | १.स्वास्थ्य शिक्षा तथा सचेतना<br>२.सहरी स्वास्थ्य केन्द्र सञ्चालन तथा ब्यबस्थापन |
| | | २. सहरी स्वास्थ्य केन्द्र सञ्चालन शाखा | १.महामारी रोग नियन्त्रण तथा रोकथाम<br>२.सहरी डट्स ब्यबस्थापन ईकाई |
| | | ३ खाद्य अनुसनधान शाखा | १. खाद्य अनुसनधान |
| ६. | **Jfftfa/0f dxfzfvf** | १.वाताबरण संरक्षण तथा सरसफाई ब्यबस्थापन शाखा | १. प्राकृतिक संरक्षण, पार्क निर्माण तथा हरियाली ब्यबसथापन |
| | | | २.वाताबरण अध्ययन<br>३. तालिम सचेतना तथा परामर्श |
| | | २.Kfmf]xf]/ d}nf Aoa:yfkg Zffvf | १. फाहोरमैला संकलन र ब्यबस्थापन<br>२. फाहोरमैला प्रशोधन र ब्यबस्थापन |

श्रोतः बिराटनगर महानगरपालिका

**२.महानगरपालिकाको बिद्यमान सांगठनिक ढांचा :**

महानगरपालिका गठन भए पश्रचात संगठन र ब्यबस्थापन सुधार हुन नसक्दा साबिक उपमहानगरपालिकाको संगठनकै आधारमा महानगरपालिकाको कार्य सञ्चालन भएको छ । साबिकको संगठन ढांचामा तात्विक सुधार भएको देखिएन । आ.ब. २०७४/७५ मा तत्कालिन उपमहानगरपालिकाको लागि गरिएको संगठन र ब्यबस्थापन अध्ययन प्रतिबेदनका आधारमा तयार भएको संगठन तालिका र जनशक्ति ब्यबस्था अनुसार नैं हालसम्म महानगरपालिका संचालन भईरहेको छ भन्न सकिने अवस्था विद्यमान छ । बिद्यमान संगठन तालिका देहायको तालिकामा प्रस्तुत गरिएकोछ ।

| | | | |
|---|---|---|---|
| **१** | **प्रमूख प्रशासकीय अधिकृत** | १.प्र. प्र. अधिकृतको सचिवालय | १. बैदेसिक समन्वय तथा सम्पर्क ईकाई |
| **२** | **आन्तरिक लेखापरिक्षण शाखा** | | |
| **क्र.सं.** | **महाशाखा** | **शाखा** | **उपशाखा** |
| १ | **सामान्य प्रशासन महाशाखा** | != hgu'gf;f] tyf j8f ;ldlt Aoa:yfkg zfvf, | १.ब्यक्तिगत घट्ना दर्ता<br>२. जनगुनासो तथा सुझाव ब्यबस्थापन |
| | | @= k\|zf;g zfvf, | १.भण्डार तथा सम्पत्ति ब्यबस्थापन<br>२.दर्ता चलानी ईकाई<br>३.सोधपूछ तथा सहयोग ईकाई |
| | | #= dfgj ;+zfwg lasf; zfvf | |
| | | $ sfg"g tyf Gofo zfvf | १. मध्यस्थता उपशाखा<br>२. नगर अदालत उपशाखा |
| | | % gu/ ;"rgf tyf clen]v zfvf | १.नगर पुस्तकालय ब्यबस्थापन<br>२.तथ्यांक ब्यबस्थापन |
| | | ^= lakb\ Aoa:yfkg zfvf | १.बारुणयन्त्र<br>२.एम्बुलेन्स तथा शव बाहन ब्यबस्थापन |
| २ | **lalQo Aoa:yfkg dxfzfvf** | !=cfly{s k\|zf;g zfvf | १. आम्दानी अभिलेख<br>२. खर्च अभिलेख |
| | | @=/fhZj Aoa:yfkg zfvf | १.मालपोत<br>२.घरजग्गा तथा अन्य कर<br>३.ब्यबसाय कर<br>४.ठेली ब्यबस्थापन |
| ३ | **शहरी विकास तथा योजना महाशाखा** | !=3/ gSzf zfvf | १. जि.आई एस्.<br>२. भूकम्प सुरक्षा तथा प्रकोप ब्यबस्थापन |

| | | | |
|---|---|---|---|
| | | | ३. घर नम्बरिङ तथा सडक<br>नामांकन |
| | | @=ef}lts lgdf{0f zfvf | १. भौतिक योजना कार्यान्वयन<br>तथा ब्यबस्थापन<br>२. सडक निर्माण<br>३.कार्यालय भवन निर्माण तथा<br>मर्मत |
| | | #= zx/L of]hgf zfvf | १. योजना तर्जुमा समिति<br>२. अनुगमन तथा जाचपास<br>समिति |
| | | ४.laB't Aoa:yfkg zfvf | १. नगर स्तरीय बिद्युत<br>ब्यबसथापन<br>२. बिद्युत सिफारिस |
| ४.<br>. | **;fdflhs ljsf; dxfzfvf** | १. महिला सशक्तिकरण<br>तथा<br>बाल बिकास शाखा | १. महिला सशक्तिकरण<br>२. बालमेत्री तथा बालबिकास<br>३.लैगिक समानता तथा<br>समाबेशीकरण |
| | | २.सामुदायिक बिकस शाखा | १. अपांगता, अनाथ, ज्येष्ठ<br>नागरिक<br>लक्षित बर्ग सशक्तिकरण<br>२. सामाजिक सुरक्षा<br>३. कला संस्कृति सम्बर्धन तथा<br>प्रबर्धन |
| | | ३. युवा तथा खेलकुद<br>बिकास<br>शाखा | १.युवा सशक्तिकरण<br>२. खेलकुद बिकास |
| | | ४. टोल बिकास तथा<br>सहकारी<br>समन्वय शाखा | १. टोल बिकास ब्यबस्थापन<br>२. सहकारी संस्था समन्वय तथा<br>बिकास |
| ५. | **;x/L :jf:Yo dxfzfvf** | १. जनस्वास्थ शाखा | १.स्वास्थ्य शिक्षा तथा सचेतना<br>२.सहरी स्वास्थ्य केन्द्र सञ्चालन<br>तथा<br>ब्यबस्थापन |
| | | २. सहरी स्वास्थ्य केन्द्र<br>सञ्चालन शाखा | १.महामारी रोग नियन्त्रण तथा<br>रोकथाम |

| | | | |
|---|---|---|---|
| | | | २.सहरी डट्स ब्यबस्थापन ईकाई |
| | | ३ खाद्य अनुसनधान शाखा | १. खाद्य अनुसनधान |
| ६. | **Jfftfa/0f dxfzfvf** | १.वाताबरण संरक्षण तथा EIA शाखा | १. प्राकृतिक संरक्षण,पार्क निर्माण तथा हरियाली ब्यबसथापन |
| | | | २.वाताबरण अध्ययर्न |
| | | २.Kfmf]xf]/ d}nf Aoa:yfkg Zffvf | १. फाहोरमैला संकलन र ब्यबस्थापन<br>२. फाहोरमैला प्रशोधन र ब्यबस्थापन |

**३.महानगरपालिकाको कार्य जिम्मेवारीको बिश्लेषण**

नेपालको संबिधानले अनुसूची-८(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) मा स्थानीय तहको अधिकारको सूची देहायबमोजिम तोकेकोछ ।

| क सं | अधिकार क्षेत्र | | क सं | अधिकार क्षेत्र |
|---|---|---|---|---|
| १ | नगर प्रहरी | | १२ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| २ | .सहकारी संस्था | | १३ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ३ | एफ. एम सञ्चालन | | १४ | आधारभूत र माध्यमिक शिक्षा |
| ४ | स्थानीय कर | | १५ | स्थानीय अभिलेख व्यवस्थापन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | | १६ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |
| ६ | आधारभूत स्वास्थ्य र सरसफाई | | १७ | विपद व्यवस्थापन |
| ७ | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | | १८ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |

| | | | | |
|---|---|---|---|---|
| ८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण | | १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, वातावरण संरक्षण र जैविक विविधता |
| ९ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ | | २० | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| १० | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत,मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | | २१ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |
| ११ | बेरोजगारको तथ्यांक संकलन | | २२ | घर जग्गा धनी पुर्जा वितरण |

नेपालको संबिधानव्दारा प्रदत्त माथि उल्लेखित अधिकारलाई स्थनीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११, १२ र १३ व्दारा थप स्पष्ट गरिएकोछ । यसरी संबिधान र कानूनव्लारा प्रदत्त अधिकार, काम र कर्तब्यलाई कार्यमा रुपान्तरण गर्नु बिराटनगर महानगरपालिकाको प्रमूख दायित्व रहेकोछ ।

**(४)संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयव्दारा प्रस्तावित संगठन स्वरुप**

स्थानीय शासन सञ्चालन ऐन, २०७४ लागु भए पछिका स्थानीय तहको काम कर्तव्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पनि गाउःपालिका, नगरपालिका र उपमहानगरपालिकाहरु आदिको लागि अन्तरिम संगठन तालिका प्रस्ताबित गरेको छ । उक्त संगठन तालिकालाई समेत दृष्टिगत गरी महानगरपालिकाको लागि देहायको संगठन तालिका प्रस्ताब गरिएकोछ ।

**(५) बिराटनगर महानगरपालिकाको लागि प्रस्ताबित संगठन स्वरुप**

स्थानीय सरकार सञ्चालन ऐन लागु भए पश्चात् महानगरपालिकाले संपादन गर्नुपर्ने काम कर्तव्य एवं जिम्मेवारीलाई दृष्टिगत गरी संगठन तालिकाको नमूना मा संलग्न गरिएको छ । यो संगठन तालिका तयार गर्दा मूलतः देहायका पक्षहरुलाई दृष्टिगत गरिएको छ ।

१) स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा १६ बमोजिम कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन नियमावलीमा उल्लेख भए बमोजिमको संगठन तालिकाको नमूना क प्रस्तावित गरिएको छ ।

२) नेपाल सरकारले बिराटनगर उपनगरपालिकालाई महानगरपालिकामा स्तरोन्नति गरेको छ । हाल रा.प्र.प्रथम श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको रहने व्यवस्था रहेको छ । उपमहानगरपालिकाको बढ्दो जिम्मेबारीलाई ब्यबस्थित रुपमा निर्वाह गर्नका लागि बिभिन्न महाशाखाहरुको अवधारणा अनुरुपको संगठन तालिका प्रस्ताबित गरिएकोछ ।

संगठन तालिका अनुसूचि ४ मा समावेश गरिएकोछ ।

| क्र.सं. | महाशाखा | शाखा | उपशाखा |
|---|---|---|---|
| १ | **सामान्य प्रशासन महाशाखा** | १.प्रशासन संगठन तथा जनशक्ति विकास शाखा , २.वडा कार्यालय समन्वय शाखा ३. बजार व्यवस्थापन,.यातायात तथा उपभोक्ता हित संरक्षण शाखा, ४. खरिद तथा सम्पत्ति संरक्षण शाखा५ कानून शाखा, ६ नगर प्रहरी शाखा ७ बारुणयन्त्र ८ वडा कार्यालयहरु | |
| २ | **lalQo Aoa:yfkg dxfzfvf** | १.राजश्व प्रशासन शाखा र २. आर्थिक प्रशासन शाखा ३. आन्तरिक लेखापरिक्षण शाखा | |
| ३ | **of]hgf tyf k"jf{wf/ ljsf; dxfzfvf** | १ नगर योजना तयारी शाखा २ योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन शाखा ३.प्राथमिकता प्राप्त आयोजना कार्यान्वियन शाखा ४. पूर्वाधार विकास शाखा ५. घर नक्सा शाखा ६ बस्ती बिकास शाखा ७. सडकबत्ती ब्यबस्थापन | २.१ तथ्यांक ५.१ जि.आई एस् ४.२ भूकम्प सुरक्षा तथा प्रकोप ब्यबस्थापन |

| | | | |
|---|---|---|---|
| | | शाखा | ५.३.घर नम्बरिङ तथा सडक नामांकन |

| | | | |
|---|---|---|---|
| ४ | **आर्थिक विकास महाशाखा** | १. अन्तराष्ट्रिय सम्वन्ध पर्यटन तथा संस्कृति विकास शाखा २ उद्यम, सहकारी, तथा रोजगार प्रवर्द्धन शाखा ३ कृषि विकास शाखा ४. उद्योग तथा वाणिज्य समन्वय शाखा ५ पशु पंक्षि विकास शाखा | |
| ५ | **सामाजिक विकास महाशाखा** | १. महिला तथा बालवालिका शाखा २ सूचना तथा अभिलेख व्यवस्थापन शाखा ३ लक्षित बर्ग सशक्तिकरण शाखा | १.१ सामाजिक सुरक्षा तथा पंजिकरण । २.१ नगर पुस्तकालय ब्यबस्थापन उपशाखा |
| ६ | **शिक्षा महाशाखा** | १. युवा तथा खेलकुद विकास शाखा | |
| ७ | **स्वास्थ्य महाशाखा** | १.जनस्वास्थ्य शाखा २. आयुर्वेद तथा वैकल्पिकचिकित्सा केन्द्र | |
| ८ | **वातावरण तथा सरसफाई महाशाखा** | १. फाहोरमैला संकलन तथा ब्यबस्थापन शाखा २. फाहोरमैला प्रशोधन र ब्यबस्थापन शाखा ३. वाताबरण अध्ययन (EIA), हरियाली एवं पार्क निर्माण शाखा | |
| ९. | | | |

## ६. कार्यबोझको बिश्लेषण

संबिधान र कानूनको कार्यान्वयन गर्ने प्रारम्भिक चरणमा नै सबै स्थानीय निकायहरु स्थानीय सरकारमा रुपान्तरण भए झैं महानगरपालिका पनि अहिले त्यो अबस्थाबाट अलग छैन । माथि उल्लेखित कार्यहरु सम्पादन गर्नुपर्ने भए पनि धेरै कार्यहरु सम्पादन गर्ने तयारीकै अवस्था रहेको कारणलेले गर्दा कुन कार्यको कति भार रहन्छ त्यसको आंकलन गरी कार्यबोझको बिश्लेषण अहिल्यै गर्नु हतार हुन सक्छ । अतः बिद्यमान संबिधान र कानून बमोजिम निर्वाह गर्नु पर्ने काम, कर्तब्य र जिम्मेबारीलाई ब्यबस्थित रुपमा सम्पादन गर्ने गरी यो अध्ययनलाई केन्द्रित गरिएकोछ ।

## ७. उपलब्ध मानव श्रोतको आकलन :

महानगरपालिकामा विद्यमानमा कूल कर्मचारीहरु कार्यरत रहेको देखिन्छ। जसमध्ये अधिकृत प्रशासन तर्फ र प्राबिघिक तर्फ सहायक स्तर पाचौं प्रशासन तर्फ प्राबिधिक सहायक चौथो प्रशासन तर्फ प्राबिधिक तर्फ र अन्य बिबिध कार्यरत रहेका छन। सो कर्मचारीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

## कार्यरत कर्मचारीहरुको बिबरण संबन्धी तालिका

| पद | प्रमूख प्रशासकीयअ | अधिकृत आठौं | | अधिकृत सातौ | | अधिकृत छैठौ | | सहायक पाचौं | | सहायक चौथा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सेवा | प्रशासन | प्रशासन | प्राबिधिक | प्रशासन | प्राबिधिक | प्रशासन | प्राबिधिक | प्रशासन | प्राबिधिक | प्रशासन | प्राबिधिक |
| बिद्यमान दरबन्दी संख्या | १ | ४ एक जना लेखा को | ..... | ९ | ११ | १२ | ८ | ५ | २८ | २७ | २७ |

| पद | सहायक तेश्रो र दोश्रा | | **नगर प्रहरी** | | | | **बारुण यन्त्र** | | | **चालक** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशासन | प्राबिधिक | निरिक्षक | सई र असई | हवलदार | सिपाही | सुबेदार | ह्वलदार | सिपाही | हलुका | भारी |
| बिद्यमान दरबन्दी संख्या | ५३ कार्यलय सहयोगी | | | | ३ | ७ | | | १५ | १ | १५ |

श्रोतः बिराटनगर महानगरपालिका

| **पद** | **सफाईकमी** | | **सहायक प्रथम** |
|---|---|---|---|
| | स्थायी | करार | कार्यालय सहयोगी, बिद्युत हेल्पर, माली, बनपाले र चौकीदार, |
| बिद्यमान दरबन्दी संख्या | | | |
| कार्यलय सहयोगी | **२६** | **२८** | |
| माली | ... | **३** | |

| | | | |
|---|---|---|---|
| चौकी दार | **२** | | |
| भान्से | ... | **१** | |
| ल्यान मेन | ..... | **२** | |
| रनर | **६** | .... | |
| कुचिकार | **२७** | **४ मध्ये एक जना अस्थायी** | |
| विघुत हैल्पर | **१७** | **२** | |
| जम्मा | | | |

## वडामा कार्यरत कर्मचारीहरुको बिबरण

| वडा नं. | अधिकृत | सहायक | | अन्य | | वडा नं. | अधिकृत | सहायक | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नासु | खरिदार | | | | | नासु | खरिदार | |
| १ | – | | | | | | | | | |
| २ | – | १ , | | | | | | | | |
| ३ | – | १ | | | | | | | | |
| ४ | – | १ | | | | | | | | |
| ५ | – | १ | | | | | | | | |
| ६ | – | – | | | | | | | | |
| ७ | – | १ | | | | | | | | |
| ८ | – | १ | | | | | | | | |
| ९ | – | – | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | १ | – | | | | | | | | |
| **कूल: अधिकृत , ना.सु ., खरिदार र अन्य =** | | | | | | | | | | |

श्रोत: बिराटनगर महानगरपालिका

